# स्थानीय राजपत्र

## महाकुलुङ गाउँ कार्यपालिकाद्वारा प्रकाशित

महाकुलुङ गाउँपालिकाको व्यावसायिक फलफूल बगैँचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**खण्डः६, बुङ, सोलुखुम्बु, नेपाल   सङ्ख्याः ५   माघ १० गते २०८० साल**

**भाग-२**

**महाकुलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बुङ, सोलुखुम्बु**

**कोशी प्रदेश, नेपाल**

## "व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०"

**प्रस्तावनाः** महाकुलुङ गाउँपालिकामा व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार तथा महाकुलुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी महाकुलुङ गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "व्यावसायिक फलफुल बगैंचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) "स्थानीय सरकार" भन्नाले महाकुलुङ गाउँपालिका सम्झनु पर्दछ।

(२) "समूह" भन्नाले नेपाल सरकारका जिल्ला स्थित निकाय तथा स्थानीय तहमा विधिवत् रुपमा दर्ता भएको कृषक समूह सम्झनु पर्दछ।

(३) "सहकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनुपर्दछ।

(४) "फर्म, कम्पनी वा संस्था" भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका फर्म, कम्पनी वा संस्था सम्झनु पर्दछ।

(५) "समिति" भन्नाले यसै कार्यविधिको दफा ६ बमोजिम गठित प्रस्ताव छनौट तथा मूल्याङ्कन समिति सम्झनु पर्दछ।

(६) "कृषि शाखा" भन्नाले गाउँपालिका अन्तर्गतको कृषि शाखा सम्झनु पर्दछ।

**३. उद्देश्यः**

(१) गुणस्तरीय बिरुवा र उन्नत प्रविधिको प्रयोग बाट मुख्य फलफूल बालीहरुको क्षेत्रफल विस्तार र बगैंचा सुदृढिकरणद्वारा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

(२) संम्भाव्य फलफुलमा आत्मनिर्भरता बढाई आयातलाई प्रतिस्थापन गर्ने।

(३) विभिन्न फलफुलका नयाँ प्रविधि र उन्नत जातहरुको पहिचान गरि सम्भाव्यताको आधारमा विस्तार गर्ने।

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद -२

### कार्यक्रम सञ्चालन प्रक्रिया

**४. कार्यक्रम सञ्चालन प्रकृयाः** यस कार्यक्रमको सञ्चालन प्रक्रिया देहाय अनुसार हुनेछः

(१) यस कार्यक्रममा विधिवत् रुपमा दर्ता भई क्रियाशिल रहेका कृषि फर्म, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरुले व्यवसायिक फलफुल खेती स्थापनाका लागि प्रस्ताव पेश गर्न सक्नेछन्।

(२) प्रस्ताव पेश गर्दा पान दर्ता प्रमाण पत्र अनिवार्य चाहिनेछ।

(३) कार्यक्रम सञ्चालनको प्रमूख जिम्मेवारी महाकुलुङ गाउँपालिका कृषि शाखाको रहनेछ।

(४) यस कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका बालीमा तोकिए अनुसार क्षेत्रफलमा व्यवसायिक बगैंचा स्थापनाका लागि प्रस्ताव पेश गर्न सकिनेछ। साथै स्थान विशेष र माग अनुसार अन्य फलफूल बालीहरु कार्यविधिको दफा ६ बमोजिमको समितिको सहमतिमा थप गर्न सकिनेछ।

तपशिलः

| क्र.सं. | कार्यक्रम सञ्चालन हुने स्थान | फलफुलको जात | आवश्यक जग्गा |
|---|---|---|---|
| १ | महाकुलुङ गाउँपालिका वडा नं. १ देखि ५ सम्म | किवी, सुन्तलाजात फलफूल, एभोकाडो, आरु, नास्पाती | ५ रोपनी |
| | | केरा, ड्रयागनफ्रुट | २ रोपनी |

(५) यस कार्यक्रममा दफा ४ उपदफा (१) बमोजिमका संस्थाहरुले उपदफा (३)मा निर्दिष्ट बाली तथा क्षेत्रफलमा व्यवसायिक बगैंचा स्थापनाका अलवा स्थापित व्यवसायिक बगैंचामा उत्पादनशिल क्रियाकलाप तथा उन्नत प्रविधिहरु अवलम्वनका लागि प्रस्ताव पेश गर्न सकिनेछ।

**५. सूचना प्रकाशन तथा प्रस्ताव संकलनः**

(१) सुचना प्रकाशनः महाकुलुङ गाउँपालिकाले कार्यक्रम सञ्चालनको लागि कृषि फर्म,कृषक समूह,कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई व्यवसायिक फलफुल बगैंचा स्थापनाको लागि अनुसूची-१ बमोजिमको प्रस्ताव आवाहानको १५ दिने सूचना प्रकाशन गरिनेछ।

(२) सुचना प्रकाशन भए पश्चात् ईच्छुक कृषि फर्म/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीहरुले तोकिएको समयभित्र अनुसुची-२ बमोजिम आवेदन फारम तथा संलग्न गर्नुपर्ने कागजातहरु र अनुसुची-३ बमोजिमको प्रस्ताव संलग्न राखी महाकुलुङ गाउँपालिका कृषि शाखामा आवेदन दर्ता गर्नुपर्नेछ।

६. प्रस्ताव छनौट तथा मुल्याङ्कन समिति

(१) तोकिएको समयसिमा भित्र विधिवत रुपमा प्राप्त प्रस्तावहरुको मुल्याङ्कनको लागि तपसिल बमोजिमको प्रस्ताव छनौट तथा मूल्याङ्कन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति - संयोजक

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिका कृषि शाखा प्रमूख - सदस्य-सचिव

७. प्रस्ताव मुल्याङ्कन छनौट र सम्झौता

(१) प्रचलित कानुन बमोजिम रितपूर्वक दर्ता भएका प्रस्तावहरु दफा ६ उपदफा (१) बमोजिमको प्रस्ताव छनौट तथा मुल्याङ्कन समिति मार्फत् मुल्याङ्कन समिति मार्फत् मुल्याङ्कन प्रकृया अघि बढाईनेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तावको प्रारम्भिक मुल्याङ्कन गर्दा अनुसूची-२ अनुसारको आवेदन तथा संलग्न कागजातहरु भएका प्रस्तावहरु मात्र स्थलगत निरिक्षण र थप मुल्याङ्कनका लागि योग्य हुनेछन्।

(३) समितिले आवश्यकता अनुसार अनुसूची-४ मा तोकिएको मुल्याङ्कन शीर्षक र अङ्कभार भित्र रहि थप मुल्याङ्कनका आधारहरु निर्धारण गर्न सक्नेछ। पुर्व छनौटमा कम्तीमा ६० अङ्क प्राप्त प्रस्तावहरुलाई सफल प्रस्ताव मानिनेछ।

(४) पुर्व छनौटमा सफल प्रस्तावहरुको अनुसूची ४ बमोजिमका आधारमा स्थलगत निरीक्षण गरी मुल्याङ्कन गर्नुपर्नेछ।

(५) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिएमा प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा अनावश्यक न्युनतम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मुल्याङकन प्रक्रिया अगाडि बढाईनेछ।

(६) स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रहि अनुसूची ४ बमोजिम मुल्याङ्कनमा सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावहरु कार्यक्रम सञ्चालनका लागि छनौट गरिनेछ।

८. सञ्चालन हुने मुख्य मुख्य क्रियाकलापहरु:

(१) व्यवसायिक फलफूल बगैंचा स्थापना सहयोग कार्यक्रम अन्तर्गत नयाँ बगैंचा स्थापनाका लागि देहाय बमोजिमका क्रियापकलापहरुमा तोकिए अनुसार सेवा उपलब्ध हुनेछ।

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| क.सं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | फलफूल बगैंचा क्षेत्र विस्तार | श्रोत बिरुवा खरिद तथा वितरण | • श्रोत बिरुवा खरिदमा ५०% अनुदान।<br>• ढुवानी मल्चिङ मा ५०% अनुदान। | नेपाल सरकारले तोकेको श्रोत केन्द्रबाट बिरुवा व्यवस्थापन गर्नुपर्ने। सो नभएमा स्थानीय दररेट तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम। |
| २. | कृषि औजार उपकरण खरिद तथा वितरण | खाडल खन्ने मेशिन पावर/मिनि टिलर घाँस काट्ने र गोड्ने मेशिन आदि। | • प्रचलित बजार मूल्यमा ७५% अनुदान। | |
| ३. | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट) भूमिगत सिंचाई पाईप कुलो निर्माण,नविनतम् प्रविधिमा आधारित सिंचाई (थोपा सिंचाई) | • प्रचलित बजार मूल्यमा ७५% अनुदान | |

(२) पूर्ववत स्थापना भएका व्यवसायिक बगैंचाका लागि देहाय बमोजिमका क्रियाकलापमा तोकिए अनुसार सहजीकरण सेवा उपलब्ध हुनेछ।

| क.सं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा |
|---|---|---|---|
| १. | कृषि औजार उपकरण खरिद तथा वितरण | पावर/मिनि टिलर,घाँस काट्ने र गोड्ने मेशिन आदि। | प्रचलित बजार मूल्यमा ५०% अनुदान। |
| २. | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट) भूमीगत सिंचाई पाईप ,कुलो निर्माण,नवीनतम् प्रविधिमा आधारित सिंचाई (थोपा सिंचाई, सौर्य सिंचाई) | प्रचलित बजार मूल्यमा ५०% अनुदान। |
| ४. | बगैंचा व्यवस्थापन | फलफुलको बिरुवा वा रूखको काटछाट गर्न आवश्यक औजार खरिद<br>बोर्डेक्स मिस्रण लगाउन आवश्यक सामाग्री खरिद<br>आवश्यकता तथा उमेर अनुसार मल व्यवस्थापन वा खरिद<br>किवी र ड्रागनफ्रुटको हकमा थाक्रो वा सपोर्ट सिस्टम लगाउने<br>जैविक विषादीको प्रयोग<br>अन्य | लागत अनुमानको ५०% अनुदान। |
| ३. | मूल्य अभिवृद्धि तालिम | फलफूल प्रशोधन,बजारीकरण आदि। | लागत अनुमानको ५०% अनुदान। |
| ४. | उन्नत प्रविधि अवलम्बन | मल्चिङ, थोपा सिंचाई,अन्तरबाली आदि। | लागत अनुमानको ५०% अनुदान। |

## परिच्छेद-३

## सम्झौता र अनुदान प्रवाह प्रक्रिया

### ९. लागत ईष्टिमेट र सम्झौता

(१) प्रस्ताव छनौट पश्चात् अनुदान ग्राहीले प्रस्ताव अनुसार सम्बन्धित विषयको प्राविधिक मार्फत् स्थलगत सर्भेक्षण गराएर लागत ईष्टिमेट तयार गरी स्वीकृतिको लागि गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(२) स्वीकृत ईष्टिमेटको आधारमा गाउँपालिकामा र अनुदानग्राही बिच अनुसूची-५ बमोजिमको सम्झौता गरिनेछ।

(३) अनुदाग्राहीले कार्यक्रम स्थलमा लागत सहभागिता रकम खुलेको होर्डिङ्ग बोर्ड सर्वसाधारणले देखे गरी राखु पर्नेछ।

(४) लागत इष्टिमेट तयार गर्दा कुल अनुदान रकमको रकम पालिकाको स्वीकृत दर अनुसारको कन्टीजेन्सी स्वरुप राखिनेछ। उक्त रकम प्राविधिकको दैनिक भ्रमण भत्ता र समितिको बैठक भत्ता र समितिको बैठक भत्ता र अन्य व्यवस्थापकीय कार्यमा प्रयोग गर्न सकिनेछ।

### १०. खर्च सम्बन्धी व्यवस्थाः

(१) कार्यक्रम संचालनको लागि उपलब्ध गराईने अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

(२) अनुदानग्राहीलाई कामको प्रगति अनुसार बढीमा २ (दुई) किस्तामा सम्झौता बमोजिम अनुदान रकम बैंक खाता मार्फत् उपलब्ध गराईनेछ।

(३) एक प्रस्तावकलाई प्रस्तावित फलफूल बाली र क्षेत्रफल अनुसार स्वीकृत लागत अनुमानको अधिकतम आधारमा अधिकतम सात लाखसम्म अनुदान रकम उपलब्ध गराईनेछ।

## परिच्छेद-४

## अनुगमन तथा विविध

**११. अनुगमन र मूल्याङ्कनः** गाउँपालिका र कृषि शाखाबाट नियमित अनुगमन हुनेछ।

**१२. प्रगति प्रतिवेदन पठाउनुपर्नेः**

अनुदानग्राहीले कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ। कार्यक्रम संयोजकले आफ्नो कार्यक्षेत्रमा यस कार्यक्रम अन्तर्गत स्थापना तथा सुदृढिकरण भएका फलफूल बगैंचाको विवरण तयार गरी चौमासिक रुपमा गाउँपालिकामा पठाउनुपर्ने।

**१२. बिमाः** व्यवसायिक फलफूल बगैंचाको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्ने छ।

**१४. आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानुन बमोजिम हुनेछ।

**१५. प्रचलित कानुन लागु हुनेः**

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१६. बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन)**

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा महाकुलुङ गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार स्थानीय सरकारले खारेजी वा संशोधन गर्न सकिनेछ।

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१०/०७

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

**व्यवसायिक फलफूल बगैंचा स्थापना सहयोग कार्यक्रमको अनुदान सम्बन्धी प्रस्ताव आवाह्वानको सुचना)**

सूचना! सूचना!! सूचना!!!

आर्थिक बर्ष ..............................को महाकुलुङ गाउँपालिका ......................................को स्वीकृत कार्यक्रम अनुसार .................................................................................................कार्यक्रम रहेको हुँदा ईच्छुक कृषि फर्म, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरु बाट दरखास्त आवाह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र अनुसूची २ बमोजिमका कागजातहरु संलग्न राखी महाकुलुङ गाउँपालिका कृषि शाखामा प्रस्ताव बुझाउन हुन अनुरोध छ। यस सम्बन्धमा थप जानकारीको लागि महाकुलुङ गाउँपालिका कृषि शाखामा ..................................मा सम्पर्क गर्नहुन अनुरोध छ।

.................................. ..........................................

कृषि शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

### (दफा ५ को उपदफा (२) संग सम्बन्धित)

### आवेदन फारम तथा संलग्न गर्नुपर्ने कागजातहरु

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
महाकुलुङ गाउँपालिका,बुङ सोलुखुम्बु।

विषयः

मेरो कृषि फर्म/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी बाट महाकुलुङ गाउँपालिका सोलुखुम्बु जिल्ला अन्तर्गत ......................स्थानमा ...................जातको फलफूल बगैंचाको .............क्षेत्रफलमा व्यावसायिक रुपमा स्थापना गर्ने लक्ष्य रहेकोले सो का लागि लागत अनुमान रु..................मध्ये रु............................मेरै/हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु.................................अनुदान पाउने व्यवस्थाका लागि तपशिल बमोजिमको कागजातहरु राखी निवेदन पेश गरेको छु/छौ।

**संलग्न कागजातहरुः**

१) अनुसुची २ अनुसारको निबेदन।

२) नेपाली नागरिकताको प्रमाण-पत्र प्रतिलिपी।

३) अनुसूची ३ अनुसारको प्रस्ताव।

४) दर्ता प्रमाण-पत्र प्रतिलिपी, स्थायी लेखा नम्बर (पान) र करचुक्ता भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी।

५) कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गाको लालपुर्जाको प्रतिलिपी वा करारमा लिएको जग्गा हो भने न्युनतम १० वर्ष करार सम्झौता पत्र को प्रतिलिपी।

६) प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपी।

निवेदकः

कृषि फर्म/कृषक समूह/कृषि

दस्तखतः

सहकारी/कृषि उद्यमी

ठेगानाः

नाम थरः

पदः

हस्ताक्षर गर्ने आधिकारी/व्यक्तिको दस्तखतः

छापः

निमित्त प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-३

### (दफा ५ को उपदफा (२) संग सम्बन्धित)

### प्रस्तावको ढाँचा

१) कृषि फर्म/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीको नामः

२) ठेगानाः

३) स्थापना हुने बगैंचाको क्षेत्रफलः

४) बिस्तार हुन सक्ने क्षेत्रफलः

५) परियोजनाको पृष्ठभुमीः (संस्था एवम् स्थान परिचय,अवस्था र उद्देश्य)

६) परियोजनाको उद्देश्यः

७) कार्य योजनाः क्रियाकलाप (के, कति, कहिले, कसरी, कसले)

८) अपेक्षित प्रतिफलः

९) लागत बजेटः

| क्र.सं. | क्रियाकलापको नाम | जम्मा लागत | संस्थाले व्यहोर्ने | माग गरिएको अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१०) बिरुवाको श्रोत र उपलब्धताको सुनिश्चितताको प्रमाण।

११) दिगोपनाको योजना (कम्तीमा ५ वर्षको कार्ययोजना)

१२) नयाँ सोच केही भए उल्लेख गर्नुहोस्।

प्रस्तावक संस्थाको नामः

ठेगानाः

दस्तखतः

मितिः

संस्थाको छापः

नोटः प्रस्तुत प्रस्ताव संक्षिप्त ढाँचाको आधारमा छुट्टै सिटमा तयार गरी पेश गर्नु पर्नेछ।

# अनुसुची ४
## (दफा ७ को उपदफा (३) संग सम्बन्धित)

### प्रस्तावको मुल्याङ्कन मापदण्ड

| क्र.सं. | मूल्याङ्कनका आधार | मूल्याङ्कन | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| पुर्व छनौटका आधार | | | | | |
| १. | क्षेत्र बिस्तारको प्रस्ताव | १ हे. भन्दा कम | १ हे. ३ हे.भन्दा कम | ३ हे.वा सो भन्दा बढी | |
| | अङ्कभार | ८ | १५ | २० | |
| २. | फलफुल खेती विषयमा प्राविधिक ज्ञान सीप अनुभव | सामान्य तालिम प्राप्त गरेको | न्यूनतम २ वर्षको अनुभव | २ वर्षभन्दा बढि अनुभव | |
| | अङ्कभार | ४ | ७ | १० | |
| ३. | बिरुवाको श्रोत तथा उपलब्धता | मान्यता प्राप्त नभएका र स्थानीय स्तरमा उत्पादित | मान्यता प्राप्त नभएका तर निजीस्तरमा स्थापित नर्सरी | सरकारी फर्म वा मान्यता प्राप्त श्रोत केन्द्र | |
| | अङ्कभार | ८ | १५ | २० | |
| ४. | प्रस्तावकको साझेदारी तर्फको आर्थिक क्षमता | बैकिङ्ग साझेदारी | स्व-लगानी | स्थानीय तहसँग साझेदारी | |
| ५. | बजारीकरण योजना | सन्तोषजनक | मध्यम | उत्तम | |
| | अङ्कभार | ४ | ७ | १० | |
| ६. | भविष्यमा निरन्तरता सम्बन्धी योजना तथा दिगोपना | पेश नगरेको भए | मध्यम स्तरको योजना पेश गरेको | उत्तम स्तरको योजना पेश गरेको | |
| | अङ्कभार | ८ | १५ | २० | |
| | पुर्व छनौटको जम्मा | ४० | ७५ | १०० | |
| स्थलगत प्रमाणिकरणका आधार | | | | | |
| १. | भौगोलक र वातावरणीय उपयुक्तता | सन्तोषजनक | मध्यम | उत्तम | |
| | अङ्कभार | २० | ३५ | ५० | |
| | पुर्व छनौट तथा स्थलगत प्रमाणिकरणको जम्मा | ६० | ११० | १५० | |

यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागि समितिले Sub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सकिनेछ।

- पुर्व छनौटका आधारहरुमा ६० अङ्क ल्याउने प्रस्तावहरुलाई मात्र स्थलगत प्रमाणीकरणमा गरिनेछ।
- प्रस्ताव मूल्याङ्कन प्राविधिक उपसमितिले स्थलगत प्रमाणीकरणका आधारहरुलाई बाली अनुसार Sub Criteria बनाउन तथा सो अनुसार अंकभार प्रदान गर्न सकिनेछ।

अनुसूची ५

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

सम्झौता – पत्र

आ.व......................................वार्षिक स्वीकृत कार्यक्रम प्रस्तावको आधारमा फलफूल खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रयोजनार्थ "व्यवसायिक फलफूल बगैंचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" अनुसार मितिः २०८०/ / मा गरिएको प्रस्ताव आवाहानको सूचना अनुसार यस कार्यालयको २० / / को निर्णयले जम्मा लागत रु....................(अक्षेरेपी ....................................................मात्र) मध्ये कार्यालयबाट अनुदान रु...............................(अक्षेरेपी .................................. मात्र) हुने गरि तपशिल अनुसारको क्षेत्रफल बिस्तार कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरुमा मन्जुर गरी यो सम्झौता गरिएको छ।

| क.सं. | क्रियाकलाप | गाउँपालिकाले व्यहोर्ने | अनुदानग्राहीले व्यहोर्ने | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

१) यो सम्झौता पत्र महाकुलुङ गाउँपालिका .......................प्रथम पक्ष र सम्बन्धित .......................दोस्रो पक्ष वीच व्यवसायिक फलफुल (..........)बगैंचा स्थापना कार्यक्रम सञ्चालन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

२) यो सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मिति बाट प्रारम्भ हुनेछ।

३) दोस्रो पक्षले सम्झौता उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिनभित्र शुरु गर्नुपर्नेछ।

४) प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको विल भरपाई सहितको कार्य सम्पन्न प्रतिबेदन दोस्रो पक्षबाट प्राप्त भएपश्चात् कार्यक्रमको लागि छुट्टाईएको बजेट अग्रिम आयकर कट्टा गरी दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउनेछ वा समम्झौता बमोजिमको पूर्वाधार निर्माणका लागि सामग्री आपूर्तिकर्ता/मेशनरी उपकरण आपूर्तिकर्तालाई सोझै भुक्तानि दिन सक्नेछ। दोस्रो पक्षले भुक्तानि पाउन अनिवार्य रुपमा बिल विजक पेश गर्नुपर्नेछ।

५) दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित ...................................... हुनेछ।

६) दोस्रो पक्षले यो सम्झौता बमोजिमको सम्पूर्ण कामकारवाही (व्यवसायिक योजना, डिजाईन, ईष्टिमेट अनुसार)सम्पन्न गरी परियोजना सञ्चालनमा ल्याउनुपर्नेछ।

७) दोस्रो पक्षले परियोजनाको निर्माण कार्यमा लागेको खर्च विवरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिनिधि र अन्य सरोकारवालाहरुको उपस्थितिमा गराउनु पर्नेछ।

८) दोस्रो पक्षले परियोजनाको निर्माण कार्य सुरू गर्नु भन्दा पूर्व,परियोजना निर्माण कार्य सञ्चालन हुँदै गरेको र परियोजना सम्पन्न भैसकेपछिको फोटोहरु अन्तिम भुक्तानिको लागि पेश गरिने बिल भर्पाईका साथमा अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

९) दोस्रो पक्षले कृषि उत्पादन सहयोगका लागि लिईएको अनुदान रकम परियोजना निर्माण/मेशनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा हेलचक्र्याईको कारणबाट परियोजनाबाट निर्माण गरीएको पूर्वाधारहरु/मेशनरी उपकरणहरुको हानी नोक्सानी भएमा प्रचलित नियम कानुन बमोजिम दिईएको अनुदान रकम दोस्रो पक्षबाट असुल उपर गरिनेछ।

१०) परियोजना सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ।

११) निर्माण कार्य अथवा यस सम्बन्धी दोस्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा परियोजना कार्यान्वयन ईकाईको निर्णय अन्तिम हुनेछ।

१२) यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानुन बमोजिम हुनेछ।

१३) दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन।

१४) सम्झौताको सम्बन्धमा कुनै विवाद आएमा प्रचलित कानुन बमोनिम हुनेछ।

१५) स्थानीय आवश्यकता अनुसार दुबै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिनेछ।

१६) अन्य कुनै बुँदामा थपघट गर्नुपरेमा दुबै पक्षको आपसी समझदारीमा गरिनेछ।

१७) संलग्न फारामहरु:

(क) परियोजनाको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

(ख) परियोजनाबाट प्रतक्ष्य लाभान्वित हुने समूह/कृषकहरुको नामावली विवरण

उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनी दस्तखत गर्ने:

कृषि फर्म/कृषक समूहबाट सम्झौता गर्ने आधिकारीक प्रतिनिधि:

नाम:

प्रतिनिधित्व गर्ने कृषि फर्म /कृषक समूहको नाम:

ठेगाना:

मिति :

छाप:

प्रथम पक्षको तर्फबाट:

नामथर :

पद : प्रमुख प्रशासकीय अधिकृत

दस्तखत :

मिति:

कार्यालयको छाप:

साक्षी:

नामथर:

पद:

हस्ताक्षर:

प्रमुख प्रशासकीय अधिकृत